# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) हेटौंडा, नेपाल, असोज २७ गते, २०७९ साल (संख्या १३

## भाग ३

बागमती प्रदेश सरकार

## संस्कृति तथा पर्यटन मन्त्रालय

हेटौंडा, नेपालको

## <u>सूचना</u>

प्रदेश पर्यटन ऐन, २०७८ को दफा ११६ को अधिकार प्रयोग गरी बागमती प्रदेश सरकार, मन्त्रिपरिद्‌को मिति २०७९।०६।०६ को निर्णयानुसार उक्त ऐनको अनुसूचीमा देहाय बमोजिम हेरफेर गरेको छः

१. **अनुसूची-३ को सट्टा देहायको "अनुसूची-३" राखिएको छः**

**"अनुसूची-३**

(दफा १२ को उपदफा (१) र (२) सँग सम्बन्धित)

**<u>फर्म वा कम्पनीको पुँजी र सुरक्षण रकम</u>**

**१. एजेन्सी सञ्चालनका लागि आवश्यक फर्म वा कम्पनीको पुँजीः**

| सि.नं. | एजेन्सी | फर्म/ कम्पनी | चालु वा चुक्ता पुँजी रु. (कम्तीमा) | कैफियत |
|---|---|---|---|---|
| १ | साहसिक पर्यटन एजेन्सी | फर्म | १५,००,००० | |
| | | कम्पनी | २५,०००,०० | |
| २ | ट्राभल एजेन्सी | फर्म | १५,००,००० | |
| | | कम्पनी | २५,००,००० | |
| ३ | ट्रेकिङ्ग एजेन्सी | फर्म | १५,००,००० | |
| | | कम्पनी | २५,००,००० | |
| ४ | पर्यटक यातायात एजेन्सी | फर्म | १५,००,००० | |
| | | कम्पनी | २५,००,००० | |
| ५ | जलयात्रा एजेन्सी | फर्म | ५,००,००० | |
| | | कम्पनी | १०,००,००० | |

**२ एजेन्सी सञ्चालनका लागि आवश्यक सुरक्षण रकमः**

(क) साहसिक पर्यटन एजेन्सीको हकमा कम्तीमा पाँच लाख रुपैयाँ कार्यालयको नाममा बैंक ग्यारेन्टी राख्नु पर्ने।

(ख) ट्राभल एजेन्सीको हकमा कम्तीमा पाँच लाख रुपैयाँ कार्यालयको नाममा बैंक ग्यारेन्टी राख्नु पर्ने।

(ग) ट्रेकिङ्ग एजेन्सीको हकमा पाँच लाख रुपैयाँ कार्यालयको नाममा बैंक ग्यारेन्टी राख्नु पर्ने।

(घ) पर्यटक यातायात एजेन्सीको हकमा पाँच लाख रुपैयाँ कार्यालयको नाममा बैंक ग्यारेन्टी राख्नु पर्ने।

(ङ) जलयात्रा एजेन्सीको हकमा दुई लाख रुपैयाँ कार्यालयको नाममा बैंक ग्यारेन्टी राख्नु पर्ने।"

**२. अनुसूची-९ मा रहेको "सि.नं. ५" पछि देहाय बमोजिमको "सि.नं. ६" थप गरिएको छः**

| सि.नं. | किसिम | दर्ता शुल्क रु | नवीकरण शुल्क रु. | | कैफियत |
|---|---|---|---|---|---|
| | | | छ महिना सम्म थप | म्याद नाघेको एक वर्ष सम्म थप | |
| ६. | पथ प्रदर्शक (गाईड) | १५०० | १५०० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० प्रतिशतका दरले थप |

**३. अनुसूची-१० मा रहेको क्रम सङ्ख्या (१२) पछि देहाय बमोजिमको क्रम सङ्ख्या (१३) थप गरिएको छः**

"(१३) पथप्रदर्शक (Tour Guide)"

**आज्ञाले,**
**मदन कोइराला**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-